# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:१२ मिति: २०८३/०२/२८

भाग १

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

बन्दीपुर गाउँपालिका वडा तथा पालिका स्तरीय महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८३

कार्यपालिका बाट स्वीकृत मितिः२०८३/०२/११

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी महिलाको नेतृत्व विकास, महिला अधिकार संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन, सामाजिक समावेशीकरण तथा महिला सशक्तीकरण गर्ने उद्देश्यले वडा तथा पालिका स्तरमा महिला सञ्जाल गठन तथा सञ्चालन गर्न यो "बन्दीपुर गाउँपालिका वडा तथा पालिका स्तरीय महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८३" जारी गरिएको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम बन्दीपुर गाउँपालिका वडा तथा पालिका स्तरीय महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८३ रहनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा'

(क) "पालिका" भन्नाले बन्दिपुर गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले पालिकाअन्तर्गतका सबै वडा कार्यालयलाई सम्झनुपर्छ।

(घ) “महिला सञ्जाल” भन्नाले यस कार्यविधि बमोजिम गठन भएको वडा वा पालिका स्तरीय महिला सञ्जाललाई सम्झनुपर्छ।

(ङ) “समिति” भन्नाले महिला सञ्जालको कार्यसमितिलाई सम्झनुपर्छ।

(च) “सदस्य” भन्नाले महिला सञ्जालमा आबद्ध सदस्यलाई सम्झनुपर्छ।

## परिच्छेद–२

## उद्देश्य तथा कार्यक्षेत्र

### ३. उद्देश्य

महिला सञ्जालको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) महिलाको हक, अधिकार तथा नेतृत्व विकास गर्नु।

(ख) महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्नु।

(ग) महिला हिंसा, विभेद, छुवाछुत तथा कुरीति विरुद्ध सचेतना अभिवृद्धि गर्नु।

(घ) स्थानीय तहको योजना, नीति तथा कार्यक्रममा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्नु।

### ४. कार्यक्षेत्र

महिला सञ्जालको कार्यक्षेत्र सम्बन्धित वडा तथा पालिकाभित्र रहनेछ।

## परिच्छेद–३

## वडा स्तरीय महिला सञ्जाल गठन

## ५. वडा स्तरीय महिला सञ्जाल गठन

(१) प्रत्येक वडामा एक वडा स्तरीय महिला सञ्जाल गठन गरिनेछ।

(२) वडा स्तरीय महिला सञ्जालमा महिला समूह, आमा समूह, सहकारी संस्था, दलित महिला, जनजाति महिला, अपाङ्गता भएका महिला, एकल महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

## ६. वडा स्तरीय कार्यसमिति

(१) वडा स्तरीय महिला सञ्जालमा देहाय बमोजिमको कार्यसमिति रहनेछः

- अध्यक्ष -१ जना
- उपाध्यक्ष -१ जना
- सचिव -१ जना
- सह—सचिव - १ जना
- कोषाध्यक्ष - १ जना
- सदस्य '-५ देखि ९ जना

(२) कार्यसमितिमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

## ७. पदावधि

(१) कार्यसमितिको पदावधि २ वर्षको हुनेछ।

(२) कुनै पद रिक्त भएमा बाँकी अवधिका लागि पदपूर्ति गरिनेछ।

## परिच्छेद—४

## पालिका स्तरीय महिला सञ्जाल गठन

## ८. पालिका स्तरीय महिला सञ्जाल गठन

(१) वडा स्तरीय महिला सञ्जालका प्रतिनिधिहरू सम्मिलित भई पालिका स्तरीय महिला सञ्जाल गठन गरिनेछ।

(२) प्रत्येक वडाबाट कम्तीमा २ जना प्रतिनिधि रहनेछन्।

## ९. पालिका स्तरीय कार्यसमिति

पालिका स्तरीय महिला सञ्जालको कार्यसमिति देहाय बमोजिम हुनेछः

- अध्यक्ष -१ जना
- उपाध्यक्ष - १ जना
- सचिव - १ जना
- सह—सचिव -१ जना
- कोषाध्यक्ष - १ जना
- सदस्य -७ देखि १५ जना

## परिच्छेद—५

## काम, कर्तव्य र अधिकार

## १०. महिला सञ्जालको काम, कर्तव्य र अधिकार

महिला सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) महिला अधिकार तथा लैङ्गिक समानतासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(ख) महिला हिंसा, बालविवाह, मानव बेचबिखन तथा सामाजिक कुरीति विरुद्ध अभियान सञ्चालन गर्ने।

(ग) महिलाको सीप विकास, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने।

(घ) पालिकाको योजना तर्जुमा प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्न सहजीकरण गर्ने।

(ङ) विपद् व्यवस्थापन तथा सामाजिक अभियानमा सहयोग गर्ने।

(च) महिला तथा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रममा सुझाव प्रदान गर्ने।

**परिच्छेद—६**

**बैठक सम्बन्धी व्यवस्था**

**११. बैठक**

(१) महिला सञ्जालको नियमित बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) अध्यक्षले आवश्यक ठानेमा विशेष बैठक बोलाउन सक्नेछन्।

(३) बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ।

(४) बैठकको माइन्युट सचिवले प्रमाणित गरी सुरक्षित राख्नुपर्नेछ।

**परिच्छेद—७**

**आर्थिक व्यवस्था**

**१२. कोष व्यवस्था**

(१) महिला सञ्जालको छुट्टै कोष रहनेछ।

(२) कोषको रकम बैंकमा जम्मा गरिनेछ।

(३) बैंक खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

**१३. आय स्रोत**

महिला सञ्जालको आय स्रोत देहाय बमोजिम हुनेछः

(ख) पालिकाबाट प्राप्त अनुदान

(ग) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त सहयोग

(घ) अन्य वैधानिक स्रोत

**१४. खर्च**

महिला सञ्जालको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछः

(क) क्षमता विकास तथा तालिम

(ख) सचेतनामूलक कार्यक्रम

(ग) प्रशासनिक तथा बैठक व्यवस्थापन

(घ) महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम

**परिच्छेद—८**

**अनुगमन तथा प्रतिवेदन**

**१५. अनुगमन**

पालिका तथा सम्बन्धित वडा कार्यालयले महिला सञ्जालको कार्यको अनुगमन तथा सहजीकरण गर्नेछन्।

**१६. प्रतिवेदन**

महिला सञ्जालले वार्षिक प्रगति प्रतिवेदन पालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद—९

## विविध

### १७. आचारसंहिता

महिला सञ्जालका पदाधिकारी तथा सदस्यहरूले अनुशासन, पारदर्शिता तथा सामाजिक सद्भाव कायम गर्नुपर्नेछ।

### १८. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

### १९. संशोधन

यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

### २०. बचाउ

यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची—१

## सदस्यताको नमुना फाराम

१. नामः
२. ठेगानाः
३. सम्पर्क नं.ः
४. पेशाः
५. आबद्ध समूह/संस्थाः
६. हस्ताक्षरः

**अनुसूची–२**

**बैठक माइन्युट नमुना**

- बैठक मितिः
- स्थानः
- अध्यक्षताः
- उपस्थित संख्याः
- छलफल विषयः
- निर्णयहरुः

**आज्ञाले**
कलम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत